बैठक नं.१२

आज मिति २०८०/११/१४ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | [signature] |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

विर बहादुर [illegible] - का. वा. वडाध्यक्ष - 6
हरिहर ढकाल - का. वा. वडाध्यक्ष - ८
गंगादत्त पोडेल - का. वा. वडाध्यक्ष - १२

**प्रस्ताव नं. १२.१**

अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १२.१**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०८०/०८१ च.नं.१२८७ मिति २०८०।९।६ को प्राप्त पत्र अनुसार यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत पदको जिम्मेवारी एवं अख्तियारी प्राप्त गर्नु भएका श्री मित्रमणी खनालको मिति २०८०।११।६ मा अख्तियारी समाप्त भएको छ । तत्पश्चात प्रमुख प्रशासकीय अधिकृत पद रिक्त रहेको । निमित्त प्रमुख प्रशासकीय अधिकृत रहने परिस्थिति पनि विधमान नरहदा दैनिक प्रशासनिक कामकारवाही र कार्यसम्पादनमा समेत द्विविधा उत्पन्न भएको । दैनिक प्रशासनिक कामकारवाही र कतिपय नगरकार्यपालिकाको बैठकको निर्णयबाट मात्र सम्पादन एवं कार्यान्वयन गर्नुपर्ने अन्यथा फिज हुने विशेष अनुदान अर्न्तगत छनौट गरी स्वीकृतिका लागि पठाउनु पर्ने प्रकृतिका कार्यहरु समेत प्रभावित भएको हुँदा निकास दिन आवश्यक भएकोले कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा स्वतह निमित्त प्रमुख प्रशासकीय अधिकृत हुने र हाललाई अन्य विकल्प र दावेदार समेत कोही नभएका अधिकृतस्तर दशौं तहमा कार्यरत श्री मित्रमणी खनाललाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोकी दैनिक प्रशासनिक कामकारवाहीहरु संचालन एवं सम्पादन गर्ने गरी मिति २०८०।११।१४ मा भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. १२.२**

मिति २०८०।११।०२ मा बसेको एघारौ बैठकको समीक्षा सम्बन्धमा ।

- बुटवल उपमहानगरपालिकाको ६५ औं स्थापना दिवसको अवसरमा विभिन्न विधा तर्फका सामाजिक व्यक्तित्व एवं अभियान्ताहरुलाई सम्मान पुरस्कार वितरण गर्ने गरी निर्णय लिइएको र स्थापना दिवस भव्य र सभ्य रुपमा सम्पन्न समेत भएको ।
- स्वच्छ उर्जा कार्यक्रम अर्न्तगत विद्युतीय चुल्हो, सुधारिएको चुल्हो र घरायसी वायोग्याँस प्रविधिको पर्बधन गर्ने उद्देश्यले संचालन हुने स्वच्छ उर्जा कार्यक्रममा लागत साझेदारीको सुनिश्चितता सहित सहमति एवं स्वीकृतिका लागि वैकल्पिक उर्जा प्रर्बधन केन्द्रमा सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- घर नक्शा अभिलेखिकरणका लागि मापदण्ड स्वीकृत गरिएको ।
- अन्तर विद्यालयस्तरीय लोकनृत्य (सांस्कृतिक कार्यक्रम) प्रतियोगिता संचालन गर्ने गरी निर्णय लिइएको र उक्त प्रतियोगिता भव्य रुपमा सम्पन्न समेत भएको ।
- झाँकी ऱ्यालीको मूल्यांकनका लागि समिति गठन गरिएको ।
- सरस्वती पुजाको अवसरमा शुभकामना दिइएको ।

- पाल्पाको तिनाउ गाउँपालिका डुम्रेबाट वडा नं. ६ शिखर डाडा तर्फ जादै गरेको जीप दुर्घटनामा परी घाइते भएका व्यक्तिहरुको शीघ्र स्वास्थ्यलाभको लागि कामना गरिएको ।

**प्रस्ताव नं. १२.३**

प्रदेश विशेष अनुदान अर्न्तगतका आयोजना छनौट सम्बन्धमा ।

**निर्णय नं. १२.३**

लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी),नेपालको मिति २०८०।११।०८ गतेको पत्रानुसार विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७६ (पहिलो संशोधन २०८० समेत) बमोजिम बुटवल उपमहानगरपालिकाको तर्फबाट चालु आ.व. २०८०/०८१ का लागि देहाय बमोजिमका योजना छनौट गरी स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी),नेपालमा अनुरोध गरी पठाउने निर्णय गरियो । साथै देहायका आयोजनाहरुको लागि अपुग रकम उपमहानगरपालिकाबाट व्यहोर्ने समेत निर्णय गरियो ।

| **प्राथमिकता** <br> **क.सं.** | **आयोजनाको नाम/ठेगाना** | **लागत रकम रु.** |
|---|---|---|
| १ | बुटवल उपमहानगरपालिका अर्न्तगतका वडा नं. १३ र १७ मा निर्माणाधीन १५ शैयाको अस्पतालका लागि २/२ गरी जम्मा ४ थान भिडियो एक्सरे उपकरण खरिद कार्य | ५० लाख |
| | वैकल्पिक | |
| २ | शहिद स्मृति आधारभुत विद्यालयको, भवन निर्माण ,बुटवल ११ | ५० लाख |

**प्रस्ताव नं. १२.४. विविध ।**

**प्रस्ताव नं. १२.४.१**

मगर दिवसको अवसरमा सार्वजनिक बिदा दिने सम्बन्धमा ।

**निर्णय नं. १२.४.१**

मिति २०८०/११/१५ गतेका दिन मगर समुदायले मनाउने मगर दिवस पर्ने भएको हुँदा उक्त दिन उपमहानगरपालिकाले स्थानीय (सार्वजनिक) बिदा दिई शुभकामना दिने र उक्त दिवस मनाउनका लागि रु.२५ हजार सहयोग समेत उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२.४.२**

ईरिक्सा सम्बन्धमा ।

**निर्णय नं. १२.४.२**

यस उपमहानगरपालिका क्षेत्रभित्र बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दर्ता भएका र दर्ता नभएका दुवै प्रकृतिका ईरिक्साहरु संचालन हुँदा अनुगमन, नियमन र सुरक्षाको हिसाबले समेत समस्या भएको हुँदा बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दर्ता भएका ईरिक्साहरुलाई मात्र उपमहानगरपालिका क्षेत्रभित्र संचालन एवं आवत जावत गर्न दिने र दर्ता नभएकाहरुलाई नगर क्षेत्रभित्र संचालनमा रोक लगाउने निर्णय गरयो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।